# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१

चलानी नं.

मिति २०८०/११/०२

## खोरेत रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा गाई, भैसी, भेडा, बाख्रा र बंङगुरमा देखिने खोरेत रोग यस सिद्धलेक गाउँपालिकाका केहि स्थानका गाई भैसीमा पि.सि.आर. विधिबाट परिक्षण गर्दा खोरेत रोग पूष्टी भएको हुदा रोग नियन्त्रणका लागि पालिकाले संचालन गर्ने खोप कार्यक्रममा पशु वस्तुलाई खोप लगाउन, खोरेतको लक्षण देखिए जानकारि गराउन र आवश्यक सजकता अपनाउन सम्पुर्ण किसान/जनप्रतिनिधिलाई अनुरोध गर्दछौ।

**खोरेत रोगको लक्षणः**

१. खाना नखाने
२. मुख तथा गिजामा पानि फोका आउने
३. पछी फुटेर घाउँ बन्ने
४. र्‍यालि काड्ने ,नउग्राउने झोक्राउने
५. खुरको कापमा घाउँ आउने र पशु लंगडाउने ।
६. उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा माथि आउने
७. गर्भ तुहिने, कल्चौडोमा फोका उठ्न्ने र पछी थुनेलो हुने।

**रोग सर्ने माध्यहरुः**

१. संक्रमित गाई, भैसी, भेडा, बाख्रा र बंङगुरको ओरपसारबाट।
२. संक्रमित र रोगी गाई, भैसी, भेडा, बाख्रा र बंङगुरको प्रत्यक्ष वा अप्रतेयक्ष सम्पर्कबाट।
३. संक्रमित पशुरुलाई प्रयोग गरिएका दाना पानिको प्रयोगबाट।

**उपचार तथा रोकथामका उपायहरुः**

१. मुखको घाउ फिटकिरी पानिले सफा गर्ने
२. यो रोगको ठोस उपचार नभएको हुँदा प्राविधिकको सल्लाह तथा लक्षणको आधारमा उपचार गर्ने।
३. खुट्टाको घाउ पोटास पानि वा डिटोलले सफा गरी मल्हम लगाउने ।
४. संक्रमित क्षेत्रबाट गाई, भैसी, भेडा, बाख्रा र बंङगुरको ओसारपसार नगर्ने
५. निरोगि पशुलाई ६/६ महिनाको अन्तरालमा एफ.एम.डी. खोप लगाउने ।

**खोरेत नियन्त्रण फोकल ब्यक्ति - सन्तोष श्रेष्ठ (फोन नम्बरः ९८६०५१८०८५)**

2080/11/02

नि.प्रमुख प्रशासकीय अधिकृत